# सबै संघीय अस्पतालमा विद्युतीय हाजिरी अनिवार्य

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य गर्न परिपत्र गरेको छ । कतिपय सरकारी अस्पतालमा कार्यालय समयमा चिकित्सक उपलब्ध नहुने गुनासो आएपछि विद्युतीय हाजिरीमार्फत रेकर्ड राख्ने व्यवस्था मिलाउन मन्त्रालयले परिपत्र गरेको हो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कार्यालय समयमा चिकित्सक बाहिर भेटिने समस्या अन्त्य गर्न विद्युतीय हाजिरी अनिवार्य गरेर कडाइ गर्न मातहतका कर्मचारीलाई भनेका थिए ।

त्यसलगत्तै मन्त्रालयअर्न्तगतको गुणस्तर मापन तथा नियमन महाशाखाले २४ वटा संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य व्यवस्था गरेर सोको



जानकारी पठाउन पत्राचार गरेको हो । मन्त्रालयले विद्युतीय हाजिरी राखिएपश्चात् समयमा चिकित्सक उपलब्ध भए नभएको अनुगमनसमेत थाल्ने भएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारी नभएका गुनासा सम्बोधन गर्न हाजिरीलाई विद्युतीय बनाउने निर्णय भएको बताए । 'हामीले सबै सङ्घीय अस्पताललाई विद्युतीय हाजिरी व्यवस्था अनिवार्य गर्न भनेका छौं,' उनले भने, 'त्यसपछि अनुगमन गर्दा नभएको पाइएमा कारबाही हुनेछ ।'

मन्त्रालयले केही दिनअघि औषधिको मूल्य सबैले देख्ने गरी सार्वजनिक गर्न सबै संघीय अस्पताल तथा मेडिकल कलेजलाई पत्राचार गरेको थियो । दुई साताभित्र सार्वजनिक गर्नका लागि मन्त्रालयले पत्राचार गरेको थियो । यसको समेत अनुगमन गर्ने तयारी मन्त्रालयले गरेको प्रवक्ता बुढाथोकीले बताए ।

# विद्यार्थी घटेपछि बागलुङका १० विद्यालय बन्द

**बागलुङ/मस–** विद्यार्थी संख्या न्यून भएपछि यहाँको जैमिनी नगरपालिकाका १० विद्यालय बन्द गरिएका छन् । नगरपालिकाले तत्काले पाँच विद्यालय बन्द गर्ने निर्णय गरेको छभने बाँकी पाँच विद्यालय आगामी शैक्षिक सत्रदेखि बन्द गर्नेगरी समायोजन गरेको छ। पाँच विद्यालयका शिक्षक दरबन्दी अन्यत्र मिलान गरिएको छ। पाँच विद्यालयमा एकजना मात्रै दरबन्दी कायम गरिएको छ ।

नगरपालिकाले विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका २०८० अनुसार आगामी शैक्षिक सत्रदेखि लागू हुनेगरी पाँचवटा विद्यालय समायोजन गर्ने निर्णय गरेको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिए ।



शर्माले विद्यार्थी नभएका विद्यालयमा दरबन्दी रहने र विद्यार्थी धेरै भएको स्थानमा शिक्षक अभाव हुने अवस्थाको अन्त्य गर्न समायोजन गरिएको बताउनुभयो। तत्काल बन्द भएका विद्यालय प्राथमिक तहका हुन् । चारजना भन्दा थोरै विद्यार्थी भएका पाँच प्राथमिक विद्यालय बन्द गरेर ११ शिक्षक दरबन्दी अन्य विद्यालयमा मिलान गरिएको छ।

बन्द हुने विद्यालयमा जनज्योति प्रावि, जनभावना प्रावि दमेक, टारा ज्योति प्रावि छिस्ती, क्वाङ्गदी प्रावि, छिस्ती र सर्वोदय प्रावि सकुर्वा रहेका छन्। जसमध्ये सर्वोदय प्रावि र टारा ज्योति प्रावि छिस्तीमा विद्यार्थी संख्या शून्य थियो । अन्य तीन विद्यालयमा विद्यार्थी संख्या चारजना भन्दा कम भएपछि विद्यालय बन्द गरी समायोजन गरिएको हो ।

शिक्षा समितिको सिफारिसमा पाँच प्राथमिक विद्यालयलाई आगामी वर्ष समायोजन गर्ने गरी एकजना मात्रै दरबन्दी कायम गरिएको नगर शिक्षा अधिकारी खेमप्रसाद आचार्यले जानकारी दिए ।

# अर्घाखाँची जेसिजको सम्भाव्यता अध्ययन

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ११ मंसिर

सम्भावित अर्घाखाँची जेसीजको सम्भाव्यता अध्ययन गरिएको छ। बुटवल जेसीजको आयोजनमा अर्घाखाँचीमा स्थापना हुन लागेको अर्घाखाँची जेसीजको आवश्यकता र सम्भाव्यता सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सन्धिखर्कमा सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले समग्र समाजको सकारात्मक विकास र युवाहरुको नेतृत्व विकासका लागि जेसीज महत्वपूर्ण संस्था भएको बताए। व्यक्तिगत विकास मात्र नभइ समग्र समाजको विकासमा लाग्न जेसीज माध्यम भएको श्रेष्ठले उल्लेख्य गरे ।

उनले जेसीजको माध्यमबाट नगरको समृद्धिमा लाग्नुपर्ने भन्दै जेसीजको महत्व बुझेर लाग्न युवाहरुलाई अनुरोध गरे। हरेक तहका सरकारको सुशासनका लागि सकारात्मक रुपमा खबरदारी गर्नुपर्ने




जिम्मेवारी युवाहरुको रहेको भन्दै समुन्नत र अनुशासित समाजको आवश्यकता अहिलेको महत्वपूर्ण उपलब्धि भएको श्रेष्ठको भनाइ छ । अर्घाखाँचीमा स्थापना हुन लागेको अर्घाखाँची जेसीजसँग सहकार्य गरेर नगरको विकासमा लाग्ने बताउँदै स्थानीय सरकार अविभावकको रुपमा रहने प्रतिबद्धता नगरप्रमुख श्रेष्ठले व्यक्त गरे ।

उनले युवाहरुको नेतृत्व र व्यक्तित्व विकाससँगै युवाले गरेका गतिविधिलाई चिनाउन जेसीजले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । युवाहरुलाई उद्यमी र व्यवसायी बन्न सिकाई समाजको विकाससँगै नेतृत्व गर्न जेसिसले सिकाउने भएकाले जेसीज स्थापना गर्नुपर्ने आवश्यकता रहेको जिकिर गरे। कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले झण्डाको राजनीति नभइ सबैलाई समान अवसर प्रदान गर्ने युवाहरुको अन्तर्राष्ट्रिय संस्था जेसीज भएकाले यो संस्थाको विकासका लागि नगरपालिका लागि पर्ने बताए। साथै प्रस्तावित अर्घाखाँची जेसीजलाई चाँडै नै अर्घाखाँची जेसीज बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा जेसिज २०२४ का राष्ट्रिय उपाध्यक्ष गणेश सापकोटाले जेसीजले समाजको नेतृत्वसँगै विकासको संवाहक बनेर काम गर्ने बताए । कार्यक्रममा सन्धिखर्क नगरपालिका वडा नं. १ का वडाध्यक्ष माधव श्रेष्ठले समय र उमेरसँगै हरेक युवाहरुको मस्तिष्कको विकास हुन जरुरी रहेको भन्दै समय समपेक्ष विकासमा लाग्न युवाहरु सक्रिय जेसिजले अर्घाखाँचीको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताए । कार्यक्रममा भूमिकास्थान नगरपालिका वडा नं.८ का अध्यक्ष राजकुमार श्रेष्ठले पछिल्लो समय युवाहरुमा नकारात्मक प्रभावसँगै हरेक क्षेत्रमा वितृष्णा पैदा भएको बताए। उनले सकारात्मक सोंच र प्रवृत्तिको विकासका लागि जेसीजले भूमिका खेल्ने विश्वास व्यक्त गरे। कार्यक्रममा बुटवल जेसीज वर्ष २०२४ का अध्यक्ष बिनोद घिमिरेले सम्भावित अर्घाखाँची जेसीजलाई बुटवलको प्रस्ताव र कपिलवस्तु जेसिजको समर्थनमा अर्घाखाँची जेसिसको स्वीकृति प्रदान गर्न आवश्यक रहेको भन्दै अर्घाखाँची जेसीजका अध्यक्ष ओमहरि आचार्यलाई जेसीजको पिन हस्तान्तरण गरेका थिए । कार्यक्रमको उद्देश्यमाथि प्रकाश गर्दै बुटवल जेसीज वर्ष २०२४ का बिनोद घिमिरेले व्यक्तित्व, नेतृत्व र उद्यमशिलताको विकासका लागि जेसीज महत्वपूर्ण संस्था रहेको बताए। कार्यक्रममा सहभागीलाई स्वागत गर्दै सम्भावित अर्घाखाँची जेसीजका अध्यक्ष ओमहरि आचार्यले सुशासनसहितको समुन्नत अर्घाखाँची बनाउने अभियानका लागि जेसीज स्थापना गर्न लागेको भन्दै संस्थाको विकासका लागि सबैको सहयोगको खाँचो रहेको बताए ।

# कपिलवस्तुमा हज सचेतना कार्यक्रम




**अर्जुन बेल्बासे/मध्यान्ह**
कपिलवस्तु,११ मंसिर

कपिलवस्तुको कृष्णनगरमा नेपाल हज समितिको आयोजनामा हज सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य मंगलप्रसाद गुप्ताले हजको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वबारे चर्चा गर्दै हज यात्रुलाई व्यवस्थित र सुरक्षित बनाउन यस्ता कार्यक्रमको आवश्यकता हुने बताए । कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधि सभा सदस्य सेराज अहम फारुकीले हज यात्रुहरूलाई स्वास्थ्य, भिसा प्रक्रिया, र यात्राका अन्य प्राविधिक पक्षमा सचेत रहन सचेतना कार्यक्रमले टेवा पुऱ्याउने जिकिर गरे।

कार्यक्रममा मुस्लिम आयोगका सदस्य मिर्जा अर्सद बेगले हज यात्रामा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षा र नियमबारे बताए। उनले हज यात्रासम्बन्धी आवश्यक तयारी, कागजात व्यवस्थापन, र साउदी अरेबियाका कानुनी व्यवस्थाबारे जानकारी दिए । प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले हज यात्रा सुरक्षित बनाउन यस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने बताए।

हज यात्राको अवसर सबैलाई मिल्दैन हज यात्राको अवसर मिल्न सत्कर्म गर्नुपर्ने बताए । हाजी भएपछि सत्कर्मको भावना अझै बढ्नुपर्छ । भेदभाव र कुरुती-विसंगतिहरू हटाउन हजयात्रीहरूले अभियानकै रूपमा लाग्नुपर्ने उनले बताए। कृष्णनगर नगरपालिकाका नगरप्रमुख रजत प्रताप शाहले नगरपालिकास्तरमा हज गर्न जाने नगरका नागरिकलाई सचेतनाका कार्यक्रम सञ्चालन गर्ननगरपालिका तयार रहेको बताए । हज समितिका अध्यक्ष इश्रा मुल्लाह मियाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा युवानेता अकरम पठान र रहिस शाहलगायतका व्यक्तिहरूले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए। अध्यक्ष मियाले हज समितिले यात्रुहरूको समस्याको समाधानका लागि सक्रिय भूमिका खेलिरहेको बताए। यस वर्ष साउदी सरकारले नेपाललाई हज यात्राका लागि १,२०० कोटा उपलब्ध गराएको छ।

# टाइम्स अफ मधेशले गऱ्यो वतृत्वकला प्रतियोगिता



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ मंसिर

रौतहटको पश्चिमी भेगमा पर्ने परोहा नगरपालिकामा रहेको श्री अन्होती लाल माध्यमिक विद्यालयमा टाइमस अफ मधेशद्वारा आयोजना गरिएको शिक्षाको महत्व विषयक वतृत्वकला प्रतियोगीता सम्पन्न भएको छ ।

परोहा नगरपालिका वडा नम्बर ६ मा रहेको श्री अन्होतीलाई माध्यमिक विद्यालयका कक्षा ८ देखि कक्षा १२ सम्मका छात्र, छात्राहरुको सहभागिता रहेको सो कार्यक्रमका अध्यक्षता विद्यालयका प्रधानाध्यापक यदुनी दासले गरेका थिए। कार्यक्रमको प्रमुख अतिथि परोहा नगरपालिकाका वडा नम्बर ६ बसन्तपट्टिका वडाध्यक्ष रामविलास जैसवार रहेका थिए।

कृषक कृषि सहकारी संस्था लिमिटेड तथा सिद्वार्थ ट्रेडर्सको विशेष सहयोगमा आयोजना भएको उक्त वतृत्वकला प्रतियोगितामा विशिष्ट अतिथिका रुपमा पूर्व वडाध्यक्ष जितेन्द्र कुमार पटेक, वडाध्यक्ष प्रत्यासी युवा समाजसेवी, नेता अमित प्रसाद जयसवाल, ईलाका प्रहरी कार्यालय कोपवा पिपरीयाका इन्चार्ज रामअवध राय यादव, परोहा नगरपालिकाका शिक्षा विज्ञ सुदामा यादवल तथा अतिथिका रुपमा कृषक कृषि सहकारी संस्थाका अध्यक्ष बिरु पटेल, वडा सदस्यका प्रतिनिधि हरचन हजरा लगायतको उपस्थिति रहेको थियो ।

विद्यालयका कक्षा ८ देखि कक्षा १२ सम्मका १८ जना विद्यार्थीहरु सहभागी भएका सो वतृत्वकला प्रतियोगितामा रौशनी कुमारी जयसवल प्रथम, सन्तोष महतो दोस्रो तथा दिपिका जयसवालले तेस्रो स्थान प्राप्त गरेकी छन् । वतृत्वकला प्रतियोगितामा प्रथम, दोस्रो तथा तेस्रो हुने विद्यार्थीहरुलाई डायरी र कलम तथा सहभागी सम्पूर्ण विद्यार्थीहरुलाई कपि, कलम विशिष्ट अतिथि अमित जयसवाल र सभा अध्यक्ष यदुनी दासले हस्तान्तरण गरेका थिए ।


## साउदी र युएईमा रोजगार

१ कम्पनी: CADDELL CONSTRUCTION COMPANY DELLC — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०८/११ — चलानी नं.: ६०२२८६८५ — L.T. No.: 314324

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२ कम्पनी: ESTABLISHMENT WARAKA ZEITOUN FOR FAST FOOD — शहर: JEDDAH
पूर्व स्वीकृत मिति: २०८१/०८/११ — चलानी नं.: ६०२२८६८४ — L.T. No.: 314322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४६,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३ कम्पनी: RIGHT CARE FOR HOME NURSING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/१० — चलानी नं.: ६०२१७१६० — L.T. No.: 302395 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Nurse | 0 | 15 | स. काममा दक्ष | 1500 | ५४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर १९ गते ( 4 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क१,३ नि:शुल्क क२ रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १०९/०५४/०५५
Dynamic Sales & Services (P) Ltd.
Post Box No. 2012, Basundhara, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625, Fax: 00977-7- 4355570
E-mail: info@dssnepal.com, Website: www.dynamicmanpower.com


**Local Government**
## Uttargaya Rural Municipality
## Office of the Rural Municipal Executive
**Laharepauwa, Rasuwa**
**Bagmati Provinance, Nepal**

## Invitation for Bids

**Date of publication: 27-11-2024 00:00**

1. The Local Government has allocated funds towards the cost of Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 and intends to apply part of the funds to cover eligible payments under the Contract for Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 (Contract No: URM/NCB/WORKS/2081-082/3). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.
2. Uttargaya Rural Municipality, Rasuwa invites electronic bids from eligible bidders for the construction of Dhunge Basti Tatha Khalte Basti Samrakshyan Yojana 2081/82 under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 40500000 Minimum Work experience of similar size and nature: 9308000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (upon payment of a non-refundable fee of 5000.0 NRs.) of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Himalayan Bank Ltd.**
   **Name of the Office : Uttargaya Rural Municipality, Rasuwa**
   **Office Code no : 80328501**
   **Office Account no : 04407741280019**
   **Rajaswa (revenue) Shirshak no : 14249**
6. Pre-bid meeting shall be held at Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal at 11-12-2024 09:30 hours.
7. Electronic bids must be submitted to the office Uttargaya Rural Municipality, Rasuwa, Uttargaya-05, Laharepauwa, Rasuwa, Bagmati Province, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra. gov.np/egp on or before 27-12-2024 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-12-2024 12:30 hours at the office of Uttargaya Rural Municipality, Rasuwa Uttargaya-05 Laharepauwa, Rasuwa Bagmati Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 6,75,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer.**